आर्थिक बर्ष : २०८२/८३

बैठक संख्या :९

आज मिति २०८२/१०/२३ गतेका दिन बिरुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा गाउँ कार्यपालिकाका अध्यक्ष श्री सूर्य बहादुर कुँवरज्यूको अध्यक्षतामा वसेको कार्यपालिकाको बैठकबाट निम्न अनुसारको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

| दस्तखत | पदाधिकारी | गाउँपालिका/ वडा नं | नाम,थर |
|---|---|---|---|
| | अध्यक्ष | गाउँपालिका | श्री सूर्य बहादुर कुवँर |
| | उपाध्यक्ष | गाउँपालिका | श्री भगवती शर्मा |
| | वडा अध्यक्ष | १ नं | श्री राजेन्द्र कुमार के .सी. |
| | वडा अध्यक्ष | २ नं | श्री नोम बहादुर गुरुङ |
| | वडा अध्यक्ष | ३ नं | श्री मनुकुमारी राना |
| | वडा अध्यक्ष | ४ नं | श्री मुक्त बहादुर गुरुङ |
| | वडा अध्यक्ष | ५ नं | श्री ङन बहादुर थापा |
| | वडा अध्यक्ष | ६ नं | श्री कृष्णबहादुर क्षेत्री |
| | वडा अध्यक्ष | ७ नं | श्री मेखराज गुरुङ |
| | वडा अध्यक्ष | ८ नं | श्री नविन कुमार आले |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री कुशुम देवी शर्मा श्रेष्ठ |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री र माया गुरुङ |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री दुर्गा देवी थापा |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री इन्दिरा पोखेल |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री पाल सिं विश्वकर्मा |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री कोपिला वि.क. |
| | प्रमुख प्रशासकीय अधिकृत | गाउँपालिका | श्री पर्शुराम उपाध्याय |

अन्य उपस्थिति

| | | | |
|---|---|---|---|
| | प्रशासकीय अधिकृत | गाउँपालिका | श्री पितामबर पोखेल |
| | प्रशासन सहायक | गाउँपालिका | श्री खुम बहादुर थापा |
| | | | |

गाउँ कार्यपालिका बैठक कार्यसूची (२०८२/१०/२३)

| सि. नं. | प्रस्ताव | प्रस्तावक शाखा/ पदाधिकारी | निर्णण भएको/नभएको |
|---|---|---|---|
| १. | नेपाल जलवायु नमुना कार्यक्रम कार्यान्वयन सम्बन्धमा। | योजना शाखा | भएको |
| २. | पूर्वाधार साझेदारी कार्यक्रम कार्यान्वयन सम्बन्धमा। | योजना शाखा | भएको |
| ३. | सडक बोर्ड नेपालको कार्यक्रमका लागि योजना छनौट र साझेदारी सम्बन्धमा। | योजना शाखा | भएको |
| ४. | पर्यटन बोर्डसंगको कार्यक्रमका लागि साझेदारी (बनौली थुम्केलीडाँडा शिवगुफा पदमार्ग निर्माण बिरुवा ८- ) | योजना शाखा | भएको |
| ५. | प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि योजना छनौट सम्बन्धमा। | रोजगार सेवा केन्द्र | भएको |
| ६. | विभिन्न कार्यविधीमाथी छलफल तथा स्वीकृती<br>• बेरुजु फर्स्यौट कार्यविधि-२०८२<br>• औपचारिक क्षेत्र सामाजिक सुरक्षा कोषमा आवद्धता कार्यविधि, २०८२ | विधायन समिति | भएको |
| ७. | स्थानीय तहस्तरीय सेनेटरी प्याड वितरण तथा व्यवस्थापन समिति गठन सम्बन्धमा। | शिक्षा शाखा | भएको |
| ८. | खानेपानी मूल दर्ता अनुमती सम्बन्धमा।(ललाङ खानेपानी योजना) | प्रशासन शाखा | भएको |
| ९. | विविध<br>• खुमा अर्याल कप क्रिकेट प्रतियोगितामा बिरुवा गाउँपालिकाको प्रतिनिधित्व गरी सहभागी टिमको खर्च व्यवस्थापन सम्बन्धमा।<br>• सार्वजनिक विदा सम्बन्धमा (मगर दिवस फाल्गुण १५)<br>• विपद सहायता सम्बन्धमा<br>• खर्च भुक्तानी सम्बन्धमा। | | भएको |

मिति :२०८२/१०/२३

निर्णय नं. १

बिरुवा गाउँपालिकाको आ.व. २०८२/८३ को वार्षिक योजना तथा कार्यक्रममा शशर्त कार्यक्रमको रुपमा समावेश नेपाल जलवायु नमुना कार्यक्रम कार्यान्वियन जलवायु अनुकुलन कार्ययोजनाले प्राथमिकतामा राखेको बिरुवा गाउपालिका वडा नं. २ को शितडाँडा र वडा नं. ८ को आरुखर्क, मेथाभुरुङ्ग बस्तीमा कार्यान्वियन गर्ने तथा सो कार्यक्रम कार्यान्वियनका लागि तपसिल बमोजिम क्षेत्र निर्धारण तथा बजेट बाँडफाँड गर्ने निर्णय गरियो। साथै उक्त कार्यक्रम कार्यान्वियनका लागि प्रशासकीय अधिकृत पिताम्बर पोखरेल लाई सम्पर्क व्यक्तिको जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो।

तपसिल :

| क्र.स. | क्रियाकलाप/उप क्रियाकलाप | प्रस्तावित बजेट रु. लाखमा | कै. |
|---|---|---|---|
| १ | **स्थानीय जलबायु अनुकुलन कार्ययोजन निर्माण** | ५ | |
| २ | **कृषि तथा खाद्य सुरक्षा** | | |
| क. | सिंचाई कुलो मर्मत | ५ | |
| ख. | किफायती सिंचाई प्रविधि (थोपा सिंचाई) | २ | |
| ग. | व्यावसायीक फलफुल तथा टनेल खेती | ३ | |
| | **जम्मा** | १० | |
| ३ | **वन, जैविक विविधता तथा जलाधार** | | |
| क | वायो इन्जिनियरीङ्ग प्रयोग गरी गल्छी, पहिरो, बाढी रोकथाम, क्षति ग्रस्त भुमिको पुनस्थापन, पानीको मूहान संरक्षण एवम् जल पूर्नभरण पोखरी निर्माण गरी जलाधार संरक्षण | ७.५ | |
| | **जम्मा** | ७.५ | |
| ४ | **जलस्रोत तथा उर्जा** | | |
| क | सौर्य, वायोग्यास, लघुविद्युत, जस्ता सफा उर्जाको उत्पादन तथा उपयोग एवम् किफायती प्रविधि , सुधारीएको चुल्हो | १० | |
| | **जम्मा** | १० | |
| ५ | **विविध** | | |
| क. | पर्यापर्यटन प्रर्वद्धन तथा हरित पैदल मार्गको व्यवस्थापन | १३ | |
| ख. | प्राकृतिक तथा सांस्कृतीक सम्पदाको संरक्षण | २ | |
| ग. | जलबायू परिवर्तन सम्बन्धी सचेतना कार्यक्रम (माध्यमिक विद्यालयहरुमा इको क्लब गठन समेत) | १ | |

| | | | |
|---|---|---|---|
| | जम्मा | १६ | |
| ६ | **प्रगति समिक्षा, अनुगमन, मुल्याङ्कन,बैठक र प्रतिवेदन** | | |
| क. | प्रगति समिक्षा, अनुगमन, मुल्याङ्कन,बैठक र प्रतिवेदन | १.५ | |
| | **कुल जम्मा** | ५० | |

**निर्णय नं. २**

बिरुवा गाउँपालिकाको आ.व. २०८२/८३ को बजेट तथा कार्यक्रममा समावेश पूर्वाधार साझेदारी कार्यक्रम कार्यान्वयनका लागि कार्यालयबाट प्रकाशित सूचना बमोजिम रीतपूर्वक निवेदन पेश गरेका तपसिल समुहहरुलाई समावेश गरी निम्नानुसार बजेट विनियोजन गर्ने सर्वसम्मतिले निर्णय गरियो।

**तपसिल :**

| क्र. स. | योजनाको नाम र कार्यान्वयन हुने ठेगाना | पेश गर्ने संस्था/निकायको नाम ठेगाना | गाउँपलिकाको साझेदारी रकम | सम्बन्धित संस्थाको साझेदारी | जम्मा रकम | कै. |
|---|---|---|---|---|---|---|
| १ | बिरुवा बजार चोकदेखी वालकन्या मन्दिर हुँदै फर्निचर सम्म मोटरबाटो स्तरोन्नती, बिरुवा १ | बिरुवा बजार चोकदेखी वालकन्या मन्दिर हुँदै फर्निचर सम्म मोटरबाटो स्तरोन्नती उपभोक्ता समिति, बिरुवा-१ | ५,००,००० /- (पाँच लाख) | २,१५,०० ०/- (दुई लाख पन्ध्र हजार) | ७,१५,०००/- (सात लाख पन्ध्र हजार) | सडक पूर्वाधार |
| २ | काउरेघाट मिलनचोक मोटरबाटो स्तरोन्नती, बिरुवा-६ | काउरेघाट मिलनचोक मोटरबाटो स्तरोन्नती उपभोक्ता समिति, बिरुवा-६ | १,००,००० /- (एक लाख) | ४३,०००/ - (त्रिचालिस हजार) | १,४३,०००/- (एक लाख त्रिचालिस हजार) | |

**निर्णय नं. ३**

बिरुवा गाउँपालिकालाई सडक बोर्ड नेपालबाट आ.व. २०८२/८३ मा प्राप्त सडक मर्मत सम्भार शिर्षकमा रु ९ लाख २० हजार प्राप्त भएकोमा उक्त अनुदानबाट यस गाउँपालिका अन्तर्गतको बेलघारी मालमुल सडक मर्मत कार्यमा कार्यान्वयन गर्ने र उक्त योजनामा गाउँपालिकाको कार्यालयबाट नियमानुसार साझेदारी गर्नुपर्ने रकम गाउँपालिका स्तरीय समपुरककोष बाट साझेदारी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

बिरुवा गाउँपालिकालाई नेपाल पर्यटन बोर्डबाट बनौली थुम्केलीडाँडा शिवगुफा पदमार्ग निर्माण बिरुवा ८ शिर्षकमा रु ७ लाख प्राप्त भएकोमा उक्त योजनामा गाउँपालिकाको कार्यालयबाट नियमानुसार साझेदारी गर्नुपर्ने २५ प्रतिशतले हुन आउने रकम रु २ लाख ७० हजार गाउँपालिका स्तरीय समपुरक कोष बाट साझेदारी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

आ.ब.२०८२/८३ मा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालनका लागि विनियोजित वजेट कार्यान्वयनका लागि वडागत रुपमा प्राथमिकताक्रमका आधारमा सिफारिस भएका तपसिल योजनाहरु चालु आ.व. का लागि छनौट गरी कार्यान्वयन गर्ने निर्णय गरियो। साथै उक्त बजेट शिर्षकबाट बिरुवा गाउँपालिका भित्रका सडकका पक्की नाला सफाई गर्ने निर्णय गरियो।

**तपसिल :**

| क्र.सं. | आयोजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | ढाटेटारी ठाडो सिँढी बाटो | बिरुवा-१, | |
| २ | गौखा सिँढी बाटो निर्माण | बिरुवा-२, | |
| ३ | आहालथर माझगाउँ गोरेटो बाटो | बिरुवा-३, | |
| ४ | सानोभोर्ले गोरेटो बाटो | बिरुवा-४, | |
| ५ | पुष्पगाउँ काउले गोरेटो बाटो निर्माण | बिरुवा-५, | |
| ६ | ठुलाखेत गोरेटो बाटो निर्माण | बिरुवा-६, | |
| ७ | काफलडाँडा गहते गोरेटो बाटो | बिरुवा-७, | |
| ८ | आरुखर्क पदमार्ग | बिरुवा-८, | |

**निर्णय नं. ६**

बिरुवा गाउँपालिकाको विधायन समितिद्धारा कार्यपालिकामा पेश भएका तपसिल बमोजिमका कार्यविधिहरुमाथी छलफल गरी सर्वसम्मतिले स्वीकृत गरियो।

तपसिल :

- बेरुजु फस्यौंट कार्यविधि-२०८२
- औपचारिक क्षेत्र सामाजिक सुरक्षा कोषमा आवद्धता कार्यविधि-२०८२

निर्णय नं. ७

"सेनेटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि,२०७६" को दफा १४(ख) बमोजिम कार्यपालिका सदस्य कुसुम देवी शर्मा श्रेष्ठलाई सेनेटरी प्याड वितरण तथा व्यवस्थापन समिति सदस्यको रुपमा मनोनित गर्ने सर्वसम्मतिले निर्णय गरियो।

निर्णय नं. ८

बिरुवा गाउँपालिका कार्यालयमा खानेपानी मूल दर्ताका लागि रीतपूर्वक निबेदन पेश भई बिरुवा गाउँपालिकाको खानेपानी मूल दर्ता तथा सरसफाई उपभोक्ता समिति कार्यविधि, २०७७ बमोजिम प्रक्रिया पुरा गरेका तपसिल खानेपानी मूल तथा सरसफाई उपभोक्ता समिति दर्ताका लागि स्वीकृती प्रदान गर्ने सर्वसम्मतिले निर्णय गरियो।

तपसिलः

- ललाङ खानेपानी योजना उपभोक्ता समिति, बिरुवा १ , सिस्नेरी खोला खानेपानी मूल बिरुवा ८

निर्णय नं. ९

क. खुमा अर्याल फाउण्डेसनको आयोजना , पुतलीबजार नगरपालिका स्याङजाको सह आयोजना र जिल्ला क्रिकेट संघको प्राविधिक सहयोग तथा स्याङजा खेलकुद बिकास समितिको परामर्शमा मिति २०८२।१०।२ देखि १० गते सम्म स्याङजामा संचालन हुने प्रथम जिल्ला स्तरीय अन्तरपालिका खुमा अर्याल कप टि २० क्रिकेट लिगमा यस बिरुवा गाउँपालिकाको प्रतिनिधित्व गरी सहभागी भएका खेलाडीहरुलाइ यातायात ,खाना र आवास बापतको एकमुष्ठ खर्च रु ६० हजार कार्यक्रम खर्च शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो।

ख. ४४ औ राष्ट्रिय मगर एकता दिबसको अवसरमा मिति २०८२/११/१५ गतेका दिन बिरुवा गाउँपालिका अन्तर्गत सरकारी कार्यालय, सार्बजनिक संघसंस्था, शिक्षण संस्था, तथा क्षेत्रभित्र रहेका बैंक तथा वित्तिय संस्थाहरुमा स्थानीय सार्बजनिक विदा प्रदान गर्ने निर्णय गरियो।

ग. बिरुवा गाउँपालिका वडा नं. ६ बस्ने हुमवहादुर नेपाली र वडा नं ८ बस्ने हरिबहादुर सार्की समेत जना दुइको घर विभिन्न मितिहरुमा भएको आगलागिबाट नष्ट भएकोले बिपद कोषबाट भुक्तानी हुने गरी जनही रु ५०/५० हजार जस्तापाता खरिदका लागि रकम उपलव्ध गराउने निर्णय गरियो।

घ. बिरुवा गाउँपालिका वडा नं ८ मा रेविजको संक्रमण भेटिएको र उक्त क्षेत्रमा रोग फैलिन नदिनका लागि भेटेरीनरी अस्पताल तथा पशु सेवा कार्यालय स्याङ्जाको समन्वयमा संचालित रेविज खोप कार्यक्रममा खोपकर्ताको खाना र आवास बापत भएको एकमुष्ट खर्च रु १२,६२०/- विविध खर्च खाताबाट भुक्तानी दिने निर्णय गरियो।

ङ. बिरुवा गाउँपालिका वार्ड नं ८ बस्ने हरिवहादुर सार्कीको बाबु गंगावहादुर सार्कीको आगोलागी मृत्यू भएकोले निजको काज क्रियाका लागि रु १० हजार रुपैया आर्थिक सहायता गर्ने निर्णय गरियो ।